# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

प.सं. :-२०८२।०८३
च.नं. :- १५२२

मितिः २०८३/०१/१०

विषय : कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढिकरण कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको सूचना।

धर्मदेवी नगरपालिकाको आ.व २०८२/८३ को वार्षिक स्वीकृत कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढिकरण कार्यक्रम मार्फत तपसिल बमोजिमका कृयाकलापहरु सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक तथा रैथाने बालीको संरक्षण र सम्वर्द्धनमा सकृय कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिनसम्म कार्यालय समयभित्र देहायका कागजातसहित प्रस्तावना पेश गर्नुहुन अनुरोध छ।

तपसिलः

| कार्यक्रमको नाम | सञ्चालन हुने मुख्य कृयाकलापहरु |
|---|---|
| कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढिकरण कार्यक्रम | अधिकतम ८५% अनुदानमा पुर्वाधार निर्माण\|सुधार तथा मेशिनरी उपकरण सहयोग |
| | रैथाने बीउ खरिद तथा वितरणका लागि बीउ पुँजी स्थापना तथा परिचालन (अधिकतम रु. १ लाखसम्म) |
| | रैथाने बालीको पहिचान तथा अभिलेखिकरणका लागि रैथाने बालीको कृषि मेला प्रदर्शनी |
| | बालीको अभिलेखिकरण तथा जैविक विविधता प्रदर्शनी प्लट |
| | कृषि जैविक विविधता संरक्षण, सामुदायिक बीउ बैंक सुदृढिकरण सम्बन्धी तालिम, अन्तकृया गोष्ठी |

संलग्न गर्नुपर्ने कागजातहरुः

१. हालसम्म रैथाने बालीको संरक्षण र सम्वर्द्धनका लागि सञ्चालन गरेका कृयाकलापहरुको जानकारीमुलक प्रतिवेदन
२. प्रस्तावना, सञ्चालन गरिने कृयाकलाप, लागत अनुमानसहितको माग आवेदन
३. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, पान नं. प्रमाणपत्रको प्रतिलिपि, लेखापरिक्षण र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. संस्थाको निर्णय प्रतिलिपि
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

प्रमुख प्रशासकीय अधिकृत

☎फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८,gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np